# सरुमारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बड्डाँडा, प्युठान, प्रदेश नं. ५, नेपाल

# शिलबन्दी दरभाउपत्र आह्वानको सूचना !

प्रथम पटक सूचना प्रकाशित मिति : २०७६।१०।२२ गते

सरुमारानी गाउँपालिका अन्तर्गत देहाय बमोजिमका खोला तथा नदीहरुबाट तोकिए बमोजिमको दरमा नदीजन्य पदार्थ संकलन गर्न छुट्टाछुट्टै ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले निर्धारित्त मापदण्ड तथा जिल्ला अनुगमन समन्वय समिति प्युठानको सिफारिस र राष्ट्रपति चुरे–तराई मधेस संरक्षण विकास समितिबाट मिति २०७६।१०।१६ गतेको प्राप्त सहमतिअनुसार आ.व.०७५/०७६ मा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (आई.ई.ई.) प्रतिवेदन तथा आ.व. ०७६/०७७ मा उत्खनन् संकलनको लागि तयार गरिएको पुनर्मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित नियम तथा शर्त बमोजिम नदीजन्य पदार्थको आन्तरिक बिक्री शुल्क असुलउपर गर्न चालु आ.व. २०७६/०७७ का लागि ठेक्काद्वारा गराउन सरुमारानी गाउँ कार्यपालिकाको निर्णयअनुसार यो सूचना प्रकाशित गरिएको छ। कानुनी प्रक्रिया पूरा गरेका इच्छुक (मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, फर्म नवीकरण प्रमाणपत्र, आ व ०७५।०७६ को आयकर चुक्ता प्रमाणपत्र भएका) फर्म/कम्पनीले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी बोलपत्र खरिद पेश गर्न ५ नं. प्रदेश नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को नियम ७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| ठेक्का नं. | खोला नदी | क्षेत्र | उत्खनन् परिमाण (घ.मि.) | इस्टिमेट रकम रु. (मु.अ.कर बाहेक) | बोलपत्र/ दरभाउपत्र दस्तुर | बिड सेक्युरिटी रकम रु. |
|---|---|---|---|---|---|---|
| 01/SRM/ Agg/076/077 | राप्ती नदी | द्वारगौडा बगर (क) | ६३६४ | ६७३७०९.९४ | १०००।– | कबोल रकमको ५ प्रतिशत |
| 02/SRM/ Agg/076/077 | राप्ती नदी | द्वारगौडा बगर (ख) | ४७७३ | ५०५२८२.४६ | १०००।– | कबोल रकमको ५ प्रतिशत |
| 03/SRM/ Agg/076/077 | राप्ती नदी | सुनघाट बगर | ७२९३ | ७७२०५६.३५ | १०००।– | कबोल रकमको ५ प्रतिशत |
| 04/SRM/ Agg/076/077 | राप्ती नदी | ददेरी बगर (क) | ६५७० | ६९५५१७.६५ | १०००।– | कबोल रकमको ५ प्रतिशत |

नोट : ढुंगा, गिट्टी बालुवा आन्तरिक ठेक्कामा प्रस्तावित न्यूनतम् करको दर प्रति क्यु.मि रु. १०५।८६३

**शर्तहरु**

१) बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले मु.अ. कर दर्ता प्रमाणपत्र, आ.व. २०७६।०७७ सम्मको फर्म नवीकरण, आ.व. २०७५।०७६ को आयकर चुक्ता प्रमाणपत्र पेश गरी सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र यसै कार्यालयबाट खरिद गरी १६ औं दिनको १२:०० बजेसम्म शिलबन्दी बोलपत्र दाखिला गरी सक्नु पर्नेछ र बोलपत्र १६ औं दिनको २:०० बजे उपस्थित प्रनिधिको रोहवरमा यसै कार्यालयमा खोलिने छ ।

२) बोलपत्र फारम साथ धरौटी बापत कबोल अंकको ५ पाँच प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको प्राइम कमर्सियल बैंकमा रहेको खाता न. ०६८०००१५CA मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा ९५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त क वर्गको वाणिज्य बैंकको ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

३) बोलपत्र फारम खरिद एव दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो दिनको पछि कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिने छ ।

४) प्राप्त हुन आएका बोलपत्र दर्ता गर्ने म्याद सकिएको दिन प्रस्ताव दर्ताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

५) नेपाल सरकारको प्रचलित कानुन बमोजिम लाग्ने आयकर, मूल्य अभिबृद्धिकर तथा शुल्कहरु प्रस्तावक स्वयंले तिर्नुपर्ने छ । कार्यालयमा बुझाउनुपर्ने सम्पूर्ण रकम र कर समेत बुझाई सकेपछि मात्र धरौटी रकम फिर्ता हुने छ ।

६) आ. व. ०७६/०७७ को लागि कर संकलन मिति सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

७) कुल कबोल अंकको एकमुष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाउन सकिनेछ र बोलपत्रदाताले निवेदनमा कुल कबोल अंकको रकम एकमुष्ट बुझाउन नसक्ने जानकारी गराएमा कुल कबोल अंकको रकमलाई दुई किस्ता रकम गरिने छ । पहिलो किस्ता बापत कुल अंकको ५० प्रतिशतले हुने रकम सम्झौता अगावै बुझाउनु पर्नेछ ।

८) प्रथम किस्ता बुझाएपछि हुन आउने बाँकी रकमको २०७७ असार मसान्तसम्म म्याद भएको र नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त क वर्गको वाणिज्य बैंकको कार्य सम्पादन ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

९) बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी दिइने छैन ।

१०) बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भए पश्चात निर्धारित समयभित्र कार्यालयमा सम्झौता गरिसक्नु पर्नेछ । तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत हुनेछ ।

११) बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्काको नाम र सरुमारानी गाउँपालिका कार्यालय बड्डाँडा भनी प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ र बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइने छ ।

१२) यस गाउँपालिकाको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको फारमलाई मान्यता दिइने छैन ।

१३) म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१४) यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

१५) बिशेष अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहीत रहने छ ।

१६) यस सम्बन्धी विस्तृत जानकारी सरुमारानी गाउँपालिकाको कार्यालय, बड्डाँडा, प्यूठानबाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**